# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : २ | संख्या :१० | माघ २२,२०७९ |

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९-१०-२२ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९।१०।२२ गतेको दशौं कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडीको निर्णयहरुको समीक्षा सम्बन्धमा

२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमा

३. विभिन्न योजनाहरु फरफारक गर्ने सम्बन्धमा

४. सेवा प्रवाह सम्बन्धमा

५. कार्यालयको विभिन्न गतिविधिहरु सम्बन्धमा

६. सडक बोर्डको कार्यक्रम सम्बन्धमा

७. झोलुङ्गे पुलको माग सम्बन्धमा

८. सर्शत अनुदानको स्रोत संशोधन सम्बन्धमा

९. अन्य विविध

## मिति २०७९।१०।२२ गतेको दशौं कार्यपालिकाको बैठकको निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।</td></tr>
<tr><td>२.</td><td>यस गाउँपालिकाका सबै वडाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम मिति २०७९ फागुन १५ गते देखि स्थानीय निर्देशक समितिको निर्णयानुसार देहायका योजनाहरुलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने र सोका लागि देहायका वडामा देहाय बमोजिमको जनशक्तिलाई काममा लगाउने ।
<table>
<tr><th>वडा नं.</th><th>योजनाको नाम</th><th>कामदार संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>विभिन्न स्थानको गोरेटो बाटो निर्माण, खानेपानी पाइप लाईन विस्तार, खुख्खा पोखरी र खानेपानी मुहान मर्मत तथा सरसफाई र पार्क निर्माण</td><td>१४ जना</td><td></td></tr>
<tr><td>२</td><td>मोटरबाटो मर्मत र गोरेटो बाटो मर्मत तथा निर्माण</td><td>१४ जना</td><td></td></tr>
<tr><td>३</td><td>बगैचा सरसफाई, गोरेटो बाटो निर्माण, मुहान सरसफाई</td><td>१३ जना</td><td></td></tr>
<tr><td>४</td><td>खानेपानी लाईन विस्तार तथा मुहान सरसफाई, गोरेटो बाटो मर्मत संभार र नाली व्यवस्थापन, रुन्खादह मा वि प्राङ्गण सरसफाई</td><td>१४ जना</td><td></td></tr>
<tr><td>५</td><td>गोरेटो बाटो निर्माण र मर्मत संभार, पोखरी सरसफाई, चौपारी निर्माण, खानेपानी पाईप लाईन विस्तार तथा मर्मत</td><td>१२ जना</td><td></td></tr>
<tr><td>६</td><td>गोरेटो बाटो मर्मत तथा निर्माण, नाली निर्माण, चौपारी निर्माण,खानेपानी पाइपलाईन विस्तार , पोखरी मर्मत</td><td>१३ जना</td><td></td></tr>
<tr><td>७</td><td>खानेपानीको पाइपलाईन विस्तार, गोरेटो बाटो निर्माण तथा मर्मत, पोखरी मर्मत संभार,</td><td>१३ जना</td><td></td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>९३ जना</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>३.</td><td>गाउँ कार्यपालिकाको कार्यालयमा खाजा नास्ता, अतिथि सत्कार, सेवाग्राही लगायतले खाजा नास्ता वापत खर्च भएको रकम रु. २ लाख १३ हजार ६५० सन्दिप किराना पसलका संचालन मिन बहादुर थापालाई भुक्तानी गर्ने । साथै हाल सम्म अनुगमन गरिएका योजनाहरुको रकम भुक्तानी गर्ने ।</td></tr>
<tr><td>४.</td><td>गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुबाट नागरिकलाई प्राथमिकतामा राखी प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउने, तोकिएको समयमा खाजा</td></tr>
</table>

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| | खाने, अत्यावश्यक काममा बाहेक बिदामा नदिने, सेवा प्रवाहमा लापरवाही गर्ने कर्मचारीलाई आवश्यक कानूनी कारवाही अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । |
| ५. | गाउँ कार्यपालिकाको कार्यालयबाट सेवा प्रवाह, खरिद, मासिक आम्दानी खर्च लगायतका विषयमा प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा छलफल भयो । प्रभावकारी सेवा प्रवाह, कार्य सम्पादनमा जवाफदेहीता र पारदर्शिता सहित कामकाज गर्न सम्पूर्ण कर्मचारीहरुलाई प्रमुख प्रशासकिय अधिकृत मार्फत निर्देशन दिने । |
| ६. | सडक बोर्ड नेपालको च.नं. ६८६ मिति २०७९।०९।१३ गतेको पत्रानुसार यस गाउपालिकाको लागि रु २० लाख रकम स्थानीय सडक मर्मत संभारको लागि विनियोजित भएकोमा सडक बोर्ड नियमावली २०६० को परिच्छेद (३) नियम (९) बमोजिम गाउँपालिकाबाट बेहोर्नुपर्ने समपुरक रकम रु ५ लाख बेहोर्ने प्रतिवद्धता सहित देहायका सडकहरु मर्मत संभार गर्न समझदारी पत्रमा हस्ताक्षर गर्ने ।<br><br>सडकहरु<br><br>१. खर्ज्याङ्ग-दरबार-घुम्ती-गौडाकोट-जुभुङ्ग-मजुवा सडक<br>२. राजा-ठुलापोखरा-खर्ज्याङ्ग सडक<br>३. खर्ज्याङ्ग-बाखे-बन्द्रखुट्टा-विरबास-सिस्ने-जुभुङ्ग सडक<br>४. झिरबास-नेटा-टापु-रैनादी सडक |
| ७. | स्थानीय पूर्वाधार विभागको च.नं. २३० मिति २०७९।१०।१६ को पत्र बैठकमा प्रस्तुत भई छलफल भयो सो सम्बन्धमा यस गाउँपालिकाको विभिन्न वडाहरुमा आवश्यक पर्ने झोलुङ्गे पूलहरुको विवरण वडा कार्यालयबाट माग गरी विभागमा पठाउने । |
| ८. | संघीय सरकारबाट प्राप्त सर्शत अनुदान तर्फको विद्यालय कक्षा कोठा निर्माण अनुदान २ कोठे तथा ४ कोठे भवन र विद्यालयमा IT LAB स्थापना, सुदृढीकरण एवं डिजिटल लाईब्रेरी व्यवस्थापनको लागि अनुदान शिर्षकको स्रोत परिवर्तन भई आएको हुँदा देहाय बमोजिम संशोधन गरी स्थानीय तहको संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा अध्यावधिक गर्ने ।<br><br>क) Digital Libraray नगद अनुदान लाई आन्तरिक ऋण<br>ख) २ कोठे र ४ कोठेको SESP सोधभर्ना हुने वैदेशिक ऋणलाई आन्तरिक ऋण |
| ९. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन लगायतका नियकाहरुबाट प्राप्त निर्देशन, परिपत्रहरु बैठकमा प्रस्तुत भई छलफल भयो । निर्देशन तथा परिपत्रहरु कार्यान्वय गर्ने गराउने । |